केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२०/०६६/६७ मिति: २०६६/०९/२

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयहरुको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकद्वारा जारी एकिकृत निर्देशन, २०६६ को इ.प्रा.निर्देशन नं. ३/०६६ (एउटै ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई र अर्थ व्यवस्थाको एकै क्षेत्रमा इजाजतपत्रप्राप्त संस्थाले प्रदान गर्न सक्ने कर्जासापट र सुविधाको सीमा निर्धारण सम्बन्धी व्यवस्था) को बुंदा नं. ११ (२) मा देहाय बमोजिम थप गर्ने ।

(क) घरजग्गा तथा रियल स्टेटको सुरक्षणमा प्रदान हुने कर्जाको रकम सुरक्षणमा राखिएको घरजग्गा तथा रियल स्टेट सम्पत्तिको Fair Market Value को ६० प्रतिशत ननाघ्ने गरी मात्र प्रदान गर्नुपर्ने छ ।

(ख) कुनैपनि इजाजतपत्रप्राप्त संस्थाले रियल स्टेटमा कुल कर्जाको २५ प्रतिशत र रियल स्टेट एवं आवासीय घर कर्जा दुवैमा गरी कुल कर्जाको ४० प्रतिशत भन्दा बढी हुने गरी कर्जा प्रवाह गर्न पाइने छैन ।

(ग) यस शीर्षक अन्तर्गतको कर्जाहरु देहाय बमोजिमको समयावधि भित्र देहाय बमोजिमको सीमा भित्र ल्याउनु पर्नेछ ।

| शीर्षक | २०६८ आषाढ मसान्तमा | २०६९ आषाढ मसान्तमा |
|---|---|---|
| रियल स्टेट कर्जा | कुल कर्जाको बढीमा १५ प्रतिशत | कुल कर्जाको बढीमा १० प्रतिशत |
| रियल स्टेट र आवासीय घर कर्जा दुवैमा गरी | कुल कर्जाको बढीमा ३० प्रतिशत | कुल कर्जाको बढीमा २५ प्रतिशत |

(१) रियल स्टेट कर्जा र आवासीय घर कर्जा भन्नाले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन २०६६ को निर्देशन नं. ९ को निर्देशन फा. नं. ९.३ (क) प्रयोजन अनुसारको कर्जासापटमा उल्लिखित प्रष्टिकरणको सि.नं. ५ को रियल स्टेट तथा सि.नं. ७ बमोजिमको आवासीय घर कर्जालाई बुझाउने छ ।

(२) कर्जा प्रदान गर्दा तोकिएको समयावधि अनुसारको सीमा नाघ्नेगरी इजाजतपत्रप्राप्त संस्थाले आफ्नो उक्त प्रयोजन/Product हरुमा प्रदान गरेको कर्जाको पुनरसंरचना वा नविकरण गर्न पाउने छैनन् ।

(३) समग्र सीमा कायम गर्ने सिलसिलामा कुनै कर्जा बिशेषलाई भुक्तानी म्याद अगावै असूली गर्ने गरी कलब्याक गर्न यस व्यवस्थाले बाध्य गराएको छैन । इजाजतपत्रप्राप्त संस्थाले प्रत्येक कर्जाको किस्ताबन्दीको आधारमा कायम राखेको भुक्तानी म्यादसम्म सो कर्जालाई सोही किस्ता बमोजिम कर्जा असुल गर्नसक्ने छन् ।

(४) यो निर्देशन जारी हुनु अगावै उक्त प्रयोजन/Product अन्तर्गतको कर्जा सीमा स्वीकृत भई इजाजतपत्रप्राप्त संस्थाले कर्जा प्रतिवद्धता दिई सकेको हकमा सो प्रतिवद्धता अन्तर्गतको रकम बरावरको कर्जा प्रवाह गर्न यो निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।

(५) यो निर्देशनको मिति पश्चात प्रदान भएका रियल स्टेट/आवासीय घर कर्जा २०६८ आषाढ मसान्त र २०६९ आषाढ मसान्तका लागि निर्धारण गरिएको सीमाभित्र नआएमा यो निर्देशनको उल्लंघन भएको मानिने छ । यसरी प्रदान भएको रियल स्टेट/आवासीय घर कर्जा सीमा नाघेमा नाघेजती रकमको लागि कुल जोखिम भारित सम्पत्तिको गणना गर्दा १५० प्रतिशतको जोखिम भार प्रदान गर्नुपर्ने छ ।

(६) वहु आवासीय घरका लागि एक मात्र बैंकले कर्जा प्रवाह गर्ने भए सोही बैंक र सहवित्तीयकरण अन्तर्गतको कर्जा भए अगुवा बैंकमा अपार्टमेन्ट खरीदकर्ताहरुले Down Payment वा बुकिङ्ग खुल्ला गरेपछि जम्मा गरेको रकम अनिवार्यरुपले सम्बन्धित बैंक वा अगुवा बैंकमा जम्मा गराइएको हुनुपर्ने छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

२. यस बैंकद्वारा जारी एकिकृत निर्देशन, २०६६ को इ.प्रा. निर्देशन नं. ९/०६६ (इजाजतपत्रप्राप्त संस्थाहरुले नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्ने तथ्याङ्क विवरण सम्वन्धी व्यवस्था) को ने.रा.बैंक निर्देशन फा.नं.९.३ (क) प्रयोजन अनुसारको/Productwise कर्जा सापटको मासिक विवरणलाई यसैसाथ संलग्न ने.रा.बैंक निर्देशन फा.नं.९.३ (क) बमोजिम परिमार्जन एवं संशोधन गर्ने ।

३. यस बैंकद्वारा जारी एकिकृत निर्देशन, २०६६ को इ.प्रा.निर्देशन नं.४/०६६ (लेखा नीति तथा वित्तीय बिवरणहरुको ढाँचा सम्बन्धी व्यवस्था) को अनुसूची ४ (अ) (Unaudited Quarterly Financial Report) लाई यसैसाथ संलग्न अनुसूची ४ (अ) बमोजिम परिमार्जन एवं संशोधन गर्ने ।

४. यस बैंकद्वारा जारी एकिकृत निर्देशन, २०६६ को इ.प्रा.निर्देशन नं. ५/०६६ (इजाजतपत्रप्राप्त संस्थाको कारोवारमा निहित जोखिम न्यूनीकरण गर्ने सम्वन्धी गरिएको व्यवस्था) को बुंदा नं. २ (४) पछि देहाय बमोजिम थप गर्ने ।

"२ (५) बैंक तथा बित्तीय संस्थाहरुको तरलता सम्बन्धी जोखिमलाई न्यूनिकरण गर्ने उद्देश्यले बैंक बित्तीय संस्थाहरुको स्रोत परिचालन (स्वदेशी निक्षेप तथा प्राथमिक पुँजी) मा कुल कर्जा सापटको अंश ८० प्रतिशत नाघ्न नहुने गरी सीमा तोकिएको छ । यस अघि नै उक्त अनुपात ८० प्रतिशत नाघेका संस्थाहरुले निम्नानुसारको समयावधिमा देहायको सीमा भित्र ल्याउनु पर्नेछ ।"

| २०६७ आषाढ मसान्त | २०६८ आषाढ मसान्त | २०६८ पौष मसान्त |
|---|---|---|
| ९५ प्रतिशत | ८५ प्रतिशत | ८० प्रतिशत |

५. यस बैंकद्वारा जारी एकिकृत निर्देशन, २०६६ को इ.प्रा.निर्देशन नं. १६/०६६ (वित्तीय श्रोत संकलन सम्बन्धी व्यवस्था) को बुंदा नं. ३(५) मा देहाय बमोजिम थप गर्ने ।

"तर, उक्त व्यवस्थाले प्राकृतिक व्यक्ति बाहेकका अन्य संघ संस्था, कम्पनी लगायतका अप्राकृतिक व्यक्तिले व्याज आर्जन हुने गरी वचत खाता बाहेकका अन्य खाता खोल्न बाधा पुर्‍याउने छैन ।"

६. यस बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" वा "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले मर्चेण्ट बैकिङ्गको कार्य गर्ने छुट्टै सहायक कम्पनी खोल्ने सम्बन्धमा यस बैंकबाट प.सं. बै.वि.नि.वि./नीति/परिपत्र/१५/०६६/६७ मिति २०६६/०७/२२ मा परिपत्र जारी गर्नु अगावै नेपाल धितोपत्र वोर्डबाट मर्चेण्ट बैकिङ्ग सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त गरेका तर तीन आर्थिक वर्ष सम्पन्न भै नसकेको कारण उपरोक्त बमोजिम तीन आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु पेश गर्न नसकेका बैंक तथा वित्तीय संस्थाहरुलाई सो विवरण समावेश गर्न आवश्यक नपर्ने ।

७. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको संस्थाले सम्बन्धित निकायको स्वीकृति लिई भारतीय मुद्रा सर्वसाधारणबाट खरिद गर्न सक्ने तथा सो मुद्रा बैंक तथा वित्तीय संस्थाहरुलाई मात्र बिक्री गर्न सक्ने ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री डेभलपमेण्ट बैंकर्स एशोशिएशन, अनामनगर, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।